मिति २०८०।०२।०४ गतेको कार्यपालिकाको बैठकको निर्णयहरु:

निर्णय नं.१: लमही नगरपालिका स्थानीय स्वास्थ्य संस्था व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७७ को दफा ३ मा भएको व्यवस्थापन समितिको गठन सम्बन्धी व्यवस्था अनुसार लमही अस्पताल व्यवस्थापन समितिमा तपशिल बमोजिम सदस्यहरु मनोनयन गरी समितिलाई पूर्णता दिने।

तपशिल:

| क्र.स | क्षेत्र | नाम थर | ठेगना | पद |
|---|---|---|---|---|
| १ | स्थानीय वुद्धिजीवी | श्री सन्तोष बुढाथोकी | लमही-५ | सदस्य |
| २ | स्थानीय वुद्धिजीवी | श्री अजय न्यौपाने | लमही-३ | सदस्य |
| ३ | स्थानीय वुद्धिजीवी | श्री प्रेमा चौधरी | लमही-८ | सदस्य |
| ४ | महिला स्वास्थ्य स्वयंसेवक | श्री राधा चौधरी | लमही-४ | सदस्य |

निर्णय नं. २ : लमही नगरपालिकाको चालु आ.ब २०७९/८० को राजस्व आयको अनुमान भन्दा निकै कम मात्रमा संकलन भएकोले राजस्व संकलन र सो सम्बन्धि बिषयमा तपशिल बमोजिम गर्ने निर्णय गरियो।

तपशिल:

२.१ लमही नगपालिका भित्रका सञ्चालन भएका सबै प्रकारका संघ-संस्था, सहकारी, बैंक, लघुवित्त तथा अन्य वित्तीय संस्थाहरु, होटल, उद्योग तथा व्यवसायहरुलाई यस लमही नगरपालिकाको अन्तरगतको वडा कार्यालयहरुमा व्यवसाय दर्ता/सुचिकृत गराउने र दर्ता/सुचिकृत भएकालाई लमही नगरपालिकाको आर्थिक ऐन बमोजिम तोकिएको दस्तुर लिई बार्षिक रुपमा नविकरण गराउने।

२.२ लमही नगपालिका भित्रका सञ्चालन भएका सबै प्रकारका संघ-संस्था, सहकारी, बैंक, लघुवित्त तथा अन्य वित्तीय संस्थाहरु, होटल, उद्योग तथा व्यवसायहरुलाई यस लमही नगरपालिकाको अन्तरगतको वडा कार्यालयहरुमा व्यवसाय दर्ता/सुचिकृत, नविकरण घर-दैलो आभियान सञ्चालन गर्ने। सो कार्यको लागि तपशिल बमोजिम घर-दैलो अभियान समिति गठन गर्ने।

तपशिल:

| क्र.स | जिम्मेवारी | पद | कार्यालय |
|---|---|---|---|
| १ | संयोजक | आर्थिक विकास समितिको संयोजक | लमही नगरपालिका |
| २ | सदस्य | सम्बन्धित वडाको वडा अध्यक्ष | लमही नगरपालिका |
| ३ | सदस्य | प्रहरी प्रतिनीधी | सम्बन्धित प्रहरी कार्यालय |
| ४ | सदस्य | प्रशसान शाखा प्रमुख | लमही नगरपालिका |
| ५ | सदस्य | उपभोक्ता हित संरक्षण शाखा प्रमुख | लमही नगरपालिका |
| ६ | सदस्य | सम्बन्धित वडाको वडा सचिव | लमही नगरपालिका |
| ७ | सदस्य-सचिव | राजस्व शाखा प्रमुख | लमही नगरपालिका |

CamScanner

२.३ (क): नदिजन्य पदार्थको उत्खनन् व्यवस्थापन कार्यविधि, २०७५ को दफा १८ मा भएको व्यवस्था बमोजिम तपशिल बमोजिमको स्थानीय अनुगमन समितिको गठन गर्ने।

तपशिल:

१. संयोजक- नगर प्रमुख, लमही नगरपालिलका दाङ
२. सह-संयोजक- नगर उपप्रमुख, लमही नगरपालिलका दाङ
३. सदस्य- प्रमुख प्रशासकीय अधिकृत, लमही नगरपालिका दाङ
४. सदस्य- शसस्त्र प्रहरी बल अर्जुन खोला, लमही प्रमुख
५. सदस्य - ईलाका प्रशासन कार्यालयको प्रमुख वा प्रतिनीधी
६. सदस्य- प्रहरी कार्यालयको प्रमुख वा प्रतिनीधी।
७. सदस्य- डिभिजन वन कार्यालय लमही
८. सदस्य- पुर्वाधार विकास समितिको संयोजक
९. सदस्य- सम्बन्धित वडाको वडा अध्यक्ष
१०. सदस्य- पुर्वाधार विकास शाखा प्रमुख
११. सदस्य- श्री किरण चौधरी कार्यपालिका सदस्य
१२. सदस्य-सचिव राजस्व शाखा प्रमुख

२.३(ख) : लमही नगरपालिकाको ठेक्का प्रक्रियाबाट नदिजन्य पदार्थको उत्खनन् तथा व्यवस्थापनको लागि यस नगरपालिकाबाट भएका बिद्युतीय बोलपत्र सुचना दोस्रो पटक गर्दा पनि कुनै फर्म/कम्पनीको प्रस्ताव नपरेकाले हालसम्म ठेक्का व्यवस्थापन हुन नसकेको र स्थानीय बजारमा नदीजन्य पदार्थको अभाव भएका कारण विकास निर्माणका कार्यमा बाधा पुगेकोले तत्कालको आवश्यकता टार्न आई.ई.ई (IEE) भएका देहायका घाटहरुबाट देहाय बमोजिमको परिमाणमा लुम्बिनी प्रदेश सरकारले स्विकृत गरेको नदिजन्य पदार्थ व्यावस्थान कार्यविधी, २०७५ को दफा ७ को उपदफा ६ मा भएको व्यवस्थानुसार अमानत प्रक्रियाबाट (अघिल्लो वर्ष भएको ठेक्काको दररेटमा नघट्ने गरी कुनै व्यवसायीसँग सम्झौता गरी कायदिश दिन सकिने) नदीजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापन गर्ने। साथै उपभोक्ता समिति/टोल विकास संस्था मार्फत सञ्चालित नगरपालिकाका आयोजनाहरुको हकमा आयोजना सञ्चालनको कायदिश प्राप्त समिति/संस्थाले चाहेमा नगर कार्यपालिकाको कार्यालयबाट उपलब्ध गराईएको रसिदबाट राजस्व दस्तुर लिई सो योजनाहरुमा मात्र प्रयोग गर्ने गरी नदिजन्य पदार्थ उत्खनन् गर्न दिने। यसरी उत्खनन् गर्दा मेसिनरी औजारको प्रयोग गर्न माग भई आएमा उक्त घाटको आई.ई.ई प्रतिवेदनमा मेसिनरी औजारको प्रयोग गर्न पाउने भनी उल्लेख भएमा नेपाल सरकारको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ र लुम्बिनि प्रदेश सरकारले स्विकृत गरेको नदिजन्य पदार्थ व्यावस्थान कार्यविधी, २०७५ बमोजिमको प्रक्रिया पुरा गरी मेसिनरी औजार प्रयोग गर्ने दिने।

तपशिल:

| क्र.स | स्थान/घाट | IEE Report अनुसार नदीजन्य पदार्थ उत्खनन् को लागि स्विकृत जम्मा परिमाण (क्यु.फिट) | अमानत प्रक्रियाबाट नदिजन्य पदार्थ उत्खनन् को लागि अनुमति दिने जम्मा परिमाण(क्यु.फिट) |
|---|---|---|---|
| १ | लमही न.पा-७, रासीनदी हस्नापुर घाट | ३,४३,२१३ | ८५,८०३ |
| २ | लमही न.पा-७, रासीनदी बनघुस्री घाट | ४,६६,०९२ | १,१६,५२३ |
| ३ | लमही न.पा-८, रासीनदी गिधिनिया घाट | ४,८०,२१६ | १,२०,०५४ |
| ४ | लमही न.पा-८, रासीनदी असानी घाट | ३,६५,८११ | ९१,४५२ |
| ५ | लमही न.पा-८, रासीनदी खोलीगाउँ बाघखोली घाट | ३,१३,५५२ | ७८,३८८ |
| ६ | लमही न.पा-९, रासीनदी नदी पैतेघाट | २,९८,७२२ | ७४,६८० |
| ७ | लमही न.पा-९, रासीनदी रिहार डेरा घाट | २,७३,२९९ | ६८,३२४ |
| ८ | लमही न.पा-९, रासीनदी खयरभट्टी घाट | ४,२५,१३२ | १,०६,२८३ |
| ९ | लमही न.पा-९, रासीनदी डुम्रेघाट घाट | ३,८८,४१० | ९७,१०२ |
| १० | लमही न.पा-४, रासीनदी बुटकहवा घाट | ५,३३,८८७ | १,३३,४७१ |
| ११ | लमही न.पा-५, रासीनदी कोलही बलरामपुर सिमानाघाट | ४,०६,७७१ | १,०१,६९२ |

२.३ : लमही नगरपालिकाबाट चा.लु आ.ब २०७८।७९मा नदिजन्य पदार्थको स्वीकृत ठेक्का नं. रा।१४।लमही।०७८।७९ "लमही-७, अर्जुनखोला बनगैं घाट"को लागि श्री उज्वल निर्माण सेवाले २०७९ जेष्ठ मसान्तसम्म ४,३६,९६१ घन फिट मात्र उत्खनन् गर्ने गरी कुल कबुल रकम रु ६१,१७,४५४।- (भ्याट बाहेक) मध्य ४१,१७,४५४।- नगद र बाँकी २०,००,०००।- रकम बराबरको बैंक जमानत पेश गरेको, कुल कबोल रकमको १३ प्रतिशत भ्याट रकम रु ७९५२६९।- र १.५ प्रतिशत अग्रिम आय कर रकम रु ९,१७,६१।- जम्मा गरी मिति २०७८ चैत्र २३ गतेको ठेक्का सम्झौता भई उक्त घाटमा

नदिजन्य पदार्थ उत्खनन् कार्य प्रारम्भ गर्दा त्यहाँ स्थांनिय बासिन्दाहरुले अवरोध गरी नदिजन्य पदार्थ उत्खनन् गर्न नदिएकोले उज्जल निर्माण सेवाको मिति २०७९।०२।२६ गतेको राजस्व रकम फिर्ता गरिदिने भनी निवेदन पेश भए अनुसार मिति २०७९।०२।१६ गतेको नगरस्तरीय अनुगमन प्रतिवेदन अनुसार उक्त स्थलमा कुनै पनि नदिजन्य पदार्थ उत्खनन् नभएको हुदाँ उक्त निर्माण सेवालाई ठेक्का सम्झैताको परिमाण बरावर जम्मा ४,३६,९६१ घन फिट मात्र आगामी आ.ब २०७९।८० मा उत्खनन् गर्न दिने भनी मिति २०७९/०३/१२ गतेको लमही नगरकार्यपालिकाको बैठकको निर्णय गरिएकोमा लुम्बिनी प्रदेश सरकारको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधी २०७५ र नेपाल सरकारको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ तथा प्रचलित कानुनहरु कार्य आदेश दिने स्पष्ट व्यवस्था नरहेकोले उक्त उज्वल निर्माण सेवाले माग गरे बमोजिमको लमही न.पा विभाज्य कोषमा जम्मा भएको राजस्व रकम रु ४१,१७,४५४।- अक्षरुपी एकचालीस लाख सत्र हजार चार साय चउन्न हजार मात्र फिर्ता दिने सम्बन्धमा सम्बन्धित तालु निकाय संग परामर्श लिई परामर्शको आधारमा आगामी आर्थिक बर्षको बार्षिक बजेट तथा कार्यक्रममा राजस्व फिर्ता शिर्षकमा बजेट विनयोजन गरी सो निर्माण सेवाको नामामा भुक्तानी दिन सकिने र २०,००,०००/- अक्षरुपी बिसलाई बराबरको सानीमा बैंकमा रहेको बैंक ग्यारेन्टी फुकुवा गर्ने।

२.४: मिति २०७९/०३/२३ गते पृथ्वी तारा कन्स्ट्रक्सन प्रा.लिको पत्रानुसार नियमानुसार यस कार्यालयमा जम्मा गर्नु पर्ने राजस्व रकम यस कार्यालयमा जम्मा नगरेकोले उक्त कम्पनीले कृषि विकास बैंक लि. नारायणगढ चितवनबाट पेश गरेको जमनात बापतको रकम ५०,२७,४४४/- असुल गर्न बैंकलाई पत्राचार गर्ने र सोको जानकारी पृथ्वी तारा कन्स्ट्रक्सन प्रा.लिलाई दिने।

२.५: लमही नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७५ मा भएको उपभोक्ता हित संरक्षण समितिलाई सक्रिया बनाई अन्य सरोकारवाला निकाय संग समन्वय गरी बजार अनुगमन गर्ने।

२.६: डम्पिङ साइटबाट प्रशोधन गर्न लायक कवाडीजन्य मालसामान (पलास्टिक, कागज, फलाम आदि) संकलन गरी बिक्रि गर्ने प्रयोजन सम्बन्धी आन्तरिक आय ठेक्का ०३/०७९/८० सुचना बमोजिम दरभाउपत्रहरु मध्य कमल अधिकारीलाई ठेक्का सम्झौताको लागि मु.अ.कर बाहेक कबोल अंक १३१२६१/- मध्य बाँकी रकम ६६,२२१ जम्मा गर्न पुनःताकेता गर्ने गरी पत्राचार गर्ने।

निर्णय नं. ३ : यस लमही नगरपालिकाको आर्थिक बर्ष ०७९/०८० मा संचालित आयोजनाहरुको कार्यान्वयन सम्बन्धी भएका कामहरुको समिक्षा गरियो।

CS CamScanner

निर्णय नं. ४ : आ.ब २०७९।८० को स्वीकृत बार्षिक बजेट अनुसार नगर स्तरीय मेयर कप खेलकुद - प्रतियोगिता शिर्षकमा बिनियोजित बाट तपशिल बमोजिमका खेल विधाहरुमा बजेट बाँडफाँड हुने गरी खेल सञ्चालन गर्न।

तपशिल:

| क.स | खेलकुद विधा | बजेट रु | कै |
|---|---|---|---|
| १ | फुटबल | ४,३३,०००/- | |
| २ | भलिबल | ३,००,०००/- | |
| ३ | क्रिकेट | ४,३३,०००/- | |
| ४ | ब्याडमिन्टन | ४,३३,०००/- | |
| | जम्मा | १५,९९,०००/- | |

निर्णय नं. ५ : लमही नगरपालिकाको 'घ' वर्ग निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधि, २०७५ बमोजिम 'घ' वर्गको ईजाजतको लागि देहायका निर्माण व्यवसायीहरुले पेश गरेको निवेदन तथा कागजात अनुसार ईजाजत प्रदान गर्नको लागि मापदण्ड पुरा गरेको देखिएकाले 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत उपलब्ध गराउन स्विकृति दिने ।

तपसिल:

| क.स | फर्मको नाम | ठेगना | प्रोपाइटरको नाम |
|---|---|---|---|
| १ | श्री जालिरुमाल हार्डवयर एण्ड कन्स्ट्रक्सन प्रा.लि | लमही-५, दाङ | श्री पंकज के.सी |
| २ | श्री पुष्पाञ्जली निर्माण सेवा | लमही-९, दाङ | श्री भेष बहादुर के.सी |
| ३ | श्री आर एण्ड के निर्माण सेवा | लमही-९, दाङ | श्री भेष बहादुर के.सी |

निर्णय नं. ६ : यस लमही नगरपालिका विधेयक समितिको मिति २०८०/०२/०४ गतेको बैठकको निर्णानुसार पेश भएको संस्था दर्ता तथा नविकरण कार्यविधी, २०८० स्वीकृत गर्ने।

निर्णय नं. ७ : लमही नगरपालिकाको स्वस्थ्य सेवा संचालन कार्यविधि, २०७४ को दफा ५ मा भएको व्यवस्था बमोजिम तपशिल बमोजिमको स्वास्थ्य सेवा अनुगमन समिती तपशिल बमोजिम मनोनयन गरी समितिलाई पूर्णता दिने।

तपशिल:

| क.स | जिम्मेवारी | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री सुवास न्यौपाने | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय,लमही |
| २ | सदस्य | श्री दिपक आचार्य | नि.मे.सु/आठौं | मे.सु, लमही अस्पताल |
| ३ | सदस्य | श्री ओम प्रसाद सुवेदी | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय, लमही |
| ४ | सदस्य | श्री पुजा चौधरी | लमही-४ | आमा समुहको अध्यक्ष |

CamScanner

निर्णय नं. ८ : यस लमही नगरपालिका भित्रका स्वास्थ्य स्वयसेविकाहरुलाई कार्यविधी अनुसार सम्मानजनक विदाई गर्ने।

निर्णय नं. ९ : घोराही उ.म.न.पा दाङमा कार्यरत रोजगार संयोजक श्री शरद पाण्डेलाई यस नगरपालिका अन्तरगत रोजगार सेवा केन्द्रमा रिक्त रहेको रोजगार संयोज़क पदमा सरुवा/कामकाज गर्न खटि आउन नगर कार्यपालिकाको कार्यालयको प.सः २०७९/८०, च.नं. २३२४, मिति २०८०/०१/३१ गते दिएको सहमती अनुमोदान गर्ने साथै निज घोराही उ.म.न.पाबाट यस कार्यालयमा सरुवा/कामकाजमा आउन सहमती लिई निवेदन साथ हाजिर हुन आएमा निवेदन पेश गरेको मिति देखि लागु हुने गरी २०८० साल असार मसन्तासम्मको लागि सेवा करार सम्झैता गरी कामकाज लगाउने।

निर्णय नं. १० : लमही नगरपालिका ९ नं. वडा कार्यालयको पत्र संख्या २०७९/८० चलानी नं. ७५१, मिति २०७९/११/१२ गतेको पत्रानुसार ईलाका प्रहरी कार्यालय अमिलियाले चर्चेको घर जग्गा २०३८ सालमा महेन्द्र राजमार्ग बनाउने क्रममा सडक प्रोजेक्ट अफिस तथा निवास रहेकोमा सडक निर्माण कार्य पश्चात खाली रहेको जग्गा तथा भवन स्थानीय शान्ती, सुरक्षा, अपराध अनुसन्धान चोरी तस्करी लागु औषध नियन्त्रण गर्न र बाँके जिल्लाको सिमाना समेत रहेको कारण सुरक्षाको आवश्यक भई माग भए बमोजिम ईलाका प्रहरी कार्यालय अमिलियाको दरबन्दी तथा कार्यालय स्थापना भई मिति २०६४ साल देखि निरन्तर त्यस कार्यालयले अन्दाजी १-१०-० क्षेत्रफल भएको जग्गा भोग चलन गरि आएकोले छुट दर्ता गर्न लमही नगर कार्यपालिकामा सिफारिस गरिदिने भनी लेखी आएको र सतबरीया सब-डिभिजन वन कार्यालयको स्थलगत प्रतिवेदन अनुसार उक्त जग्गा ईलाका प्रहरी कार्यालय अमिलियाले भोगचलन गरी रहेको र ई.प्र.का अमिलिया स्थापना भए प्रश्चात केही अन्य साना भवन समेत निर्माण भई कार्यालयको कम्पाउण्ड घेराबारा लगाएको उक्त जग्गामा ठुला रुखहरु, पोल र बिरुवा नरहेको भनी पेश भएकोले उक्त छुट जग्गाको पनि भोगचलन दर्ताको लागि जिल्ला प्रशासन कार्यालय घोरही दाङमा सिफारिस गरिदिने।

नेर्णय नं. ११ : आर्थिक बर्ष २०८०/८१ को बार्षिक स्वीकृत बजेट तपशिल बमोजिमको आयोजनाहरुको डि.पी.आर गर्ने।

तपशिलः

| क्र.स | आयोजनाको नाम | ठेगना | कै |
|---|---|---|---|
| १ | अर्जुन खोलामा पक्की पुल र भठनिया खोलाको पुल निर्माण आयोजना | लमही न.पा वडा नं.६, वडा नं.७ र वड न.८ | |
| २ | देउपुर स्कुल देखि अर्जुन खोलासम्म ढल निकास आयोजना र टेङ्नैया खोला दामोदर सडक निर्माण आयोजना | लमही न.पा वडा नं. ६ र वडा नं. ८ | |

CamScanner

निर्णय नं. १२ : लमही नगरपालिका र न्यू भेरी ईन्जिनियरिङ वर्कसप सुर्खेत बिच मिति २०७७/१२/१९ भएको सम्झौता बमोजिम जलकुन्डी झोलुङ्गे पुलमा स्टिल पार्ट सप्लाईको ठेक्काको म्याद समाप्त भई मिति २०८०/०१/३१ यस कार्यालयमा म्याद थप गरी पाउँ भनी निवेदन पेश गरेको सम्बन्धमा कोभिड-१९ को कारणले उक्त ठेक्काको काम नियमित हुन् नसकेको र हालसम्म उक्त ठेक्काको खर्च रकम भुक्तानी गर्न नसकिएकोले सो ठेक्काको खर्च रकम आगामी आ.ब २०८०/८१ मा बजेट विनियोजन गरी भुक्तानी दिने र ठेक्काको म्याद २०८० मंसिर मसान्तसम्मको लागि म्याद थप गर्ने ।

निर्णय नं. १३ : यस लमही नगरपालिकाको आर्थिक बर्ष ०७८/०७९ मा संचालित विभिन्न आयोजनाहरु गत आ.ब मा सम्पन्न भएतापनि नेपाल सरकारको लेखा प्रणाली सञ्चालन तथा व्यवस्थापन गर्ने सफ्टोयर SUTRA प्रणालीमा समस्या देखिएको कारण सबै योजनाको भुक्तानी दिन नसकिएको र चालु आर्थिक बर्षमा प्रमुख प्रशासकीय अधिकृतको पटक पटक सरुवाको कारण प्राविधिक सम्पन्न प्रतिवेदनमा स्विकृत हुन नसकेको, वडास्तरीय अनुगमन तथा नगरस्तरीय अनुगमन समितिको प्रतिवेदन र वडा कार्यालयको रकम निकासा सम्बन्धी सिफारिस समेत भएकोले हाल सरुवा भई आउनु भएका प्रमुख प्रशासकीय अधिकृतबाट समर्थन गरी उक्त आयोजनाको भुक्तानी दिने।

तपशिलः

| क्र.सं | भुक्तानी लिने फर्म वा संस्थाको नाम | कामको विवरण | रकम रु. |
|---|---|---|---|
| १ | सुनखोली शान्तिनगर जोड्ने पुल निर्माण उपभोक्ता समिति | सुनखोली शान्तिनगर जोड्न पुल निर्माण लमही न.पा ४ र ५ | २०,००,०००/- |

निर्णय नं.१४ : लमही नगरपालिका भित्र वडा नं. १ देखि वडा नं. ९ सम्मका कृषकहरुको खेतबारीमा रहेको गहुँबाली लागायतका अन्य बालीमा अमेरिकन फौजी किराको महामारीको रुपमा देखा परि कृषिकहरुको बाली विरुवा नस्ट गर्न लाग्दा कृषकहरुको बिपद्को अवस्थामा बालि संरक्षणको लागि ईमामेक्टिन बेन्जोयट ५ प्रतिशत इ.सी नामक विषादी एक वडामा ३ हजार प्याकेट वितरण गर्ने गरी जम्मा २७ हजार प्याकेट विषादीको वितरण गरिएको प्रति प्याकेट २५ का दरले जम्मा रु ६,७५,०००/- हजार अक्षरुपी छ लाख पचहत्तर हजार करक बारबारको बिषद वितरण कार्य सम्पन्न गर्दा लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा सो उक्त बिषादी खरिदको लागि बजेट नभएकोले लमही नगरपालिकाका प्रमुख ज्यूको आदेश बमोजिम तत्काल लाई विषदी वितरण गर्ने र पछि विपद व्यवस्थापन कोषको रकमबाट भुक्तानी दिने भनी वितरण गरिएको सो बापतको रकम भुक्तानी हुन बाँकी देखिएकोले ए एस नेपाल एग्रीटेक प्राइभेट लि.लाई बिल बमोजिमको रकम रु ६,७५,०००/- हजार अक्षरुपी छ लाख पचहत्तर हजार मात्र रकम विपद् व्यावस्थापन कोषमा विनियोजित बजेटबाट भुक्तानी दिने।

CamScanner

निर्णय नं. १५ : चालु आ.ब २०७९/८० को बार्षिक स्वीकृत बजेट तथा कार्यक्रम शिर्षक हिंसा पीडित महिला वालबालिका जेष्ठ नागरिक सेवा केन्द्र संचालन बजेट रु ५,००,०००/- मध्य यस लमही नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयको उक्त विषय संग सम्बन्धित प्रशासनिक खर्च रु ३०,०००/- अक्षरुपी तीस हजार कट्टा गरी बाँकी रकम रु ४,७०,०००/- अक्षरुपी चार लाख सत्तरी हजार मात्र सेवाकेन्द्र सञ्चालन गर्न मनकामना महिला बचत तथा ऋण सहकारी संस्था लमही-५ लाई दिने।

निर्णय नं. १६ : यस लमही नगरपालिका भित्रका तपशिल बमोजिमको आयोजनाहरुमा वडा कार्यालयहरुको सिफारिस बमोजिम चालु आ.ब २०७९/८० मा स्वीकृत कार्यक्रमबाट बाटो ग्रावेल गर्ने।

तपशिलः

| क्र.स | सिफारिस गर्ने कार्यालय | बटोको नाम | बजेट रु |
|---|---|---|---|
| १ | वडा नं. ७ | कसानगंज बाटो ग्राभेल | १२,१७,२०६/- |
| २ | वडा नं ९ | लौरी, रिहार, पैते रिहारडेरा जुरापानी र सडकमा बाटो ग्राभेल | ३,००,०००/- |
| ३ | वडा नं. ९ | दामोदर सडक ग्राभेल | ५,००,०००/- |
| ४ | वडा नं. ९ | तेलिया, कोल्तरा, तरुलिया सड्क खण्डमा ग्राभेल | ५,००,०००/- |

निर्णय नं. १७ : लमही नगरपालिका र संघिय सरकरको समपुरक आयोजना रिहार सडक कालोपत्रे वडा नं. ९ मा बिनियोजन बजेट रु जम्मा ५ करोड मध्य लमही नगरपालिकाको ३ करोड र संघिय सरकारको २ करोड रहेको उक्त योजना समपुरक आयोजना भएकोले चालु आ.बमा ४ करोडको ठेक्का प्रक्रिया पुरा भई सकेको र लमही नगरपालिकाबाट उक्त आयोजनामा बिनियोजित बजेट बाट १ करोड रकम बचेकोले उक्त आयोजनालाई बहु-बर्षिया आयोजनाको रुपमा बचेको बजेट रकम १ करोडबाट ठेक्का प्रक्रिया अगाडी बढाउने।

निर्णय नं. १८: लमही नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को लागि नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत थप बजेट प्राप्त भएकाले तपशिल बमोजिमका श्रममूलक सार्वजनिक निर्माण आयोजनामा बजेट बाँडफाँड गरि कार्यन्वयन गर्ने।

तपशिलः

| क सं. | योजनाको नाम | वडा नम्बर | विनियोजित रकम रु. |
|---|---|---|---|
| १ | सुन्डवरी खुटी देखि कौडीया खोला, ईश्वर श्रेष्ठको घर हुदै खनाल टोलमा बाटो स्तरोन्नती | १ | 1,000,000 |
| २ | उचुवा कुलोमा पक्की कुलो निर्माण | २ | 1,000,000 |
| ३ | ३ नं. कार्यालय भवन स्तरोन्नती | ३ | 1,000,000 |
| ४ | कोलही गाउँ देखि चैलाही गाउँ सम्म बाटो स्तरोन्नती | ४ | 1,000,000 |
| ५ | गोरक्ष टोलमा बाटो स्तरोन्नती | ५ | 1,000,000 |
| ६ | खैरी देखि उत्तर तर्फ देउपुर जोड्ने बाटो स्तरोन्नती | ६ | 1,000,000 |
| ७ | सन्तोष घर जाने बाटो स्तरोन्नती उचानिम्बु | ७ | 1,000,000 |
| ८ | भौका खोलामा तटबन्धन | ८ | 1,000,000 |
| ९ | गुप्ती ताल जाने बाटो स्तरोन्नती र नाली निर्माण | ९ | 1,000,000 |
| | जम्मा रु. | | 9,000,000 |

CamScanner

निर्णय नं. १८: लमही नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को लागि नेपाल सहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत थप बजेट प्राप्त भएकाले तपशिल बमोजिमका श्रममूलक सार्वजनिक निर्माण आयोजनामा बजेट बाँडफाँड गरि कार्यन्वयन गर्ने।

तपशिल:

| क्र सं. | योजनाको नाम | वडा नम्बर | विनियोजित रकम रु. |
|---|---|---|---|
| १ | सुन्डवरी खुटी देखि कौडीया खोला, ईश्वर श्रेष्ठको घर हुदै खनाल टोलमा बाटो स्तरोन्नती | १ | 1,000,000 |
| २ | उचुवा कुलोमा पक्की कुलो निर्माण | २ | 1,000,000 |
| ३ | सुनवरा टोल बाटो स्तोन्नती | ३ | 1,000,000 |
| ४ | कोलही गाउँ देखि चैलाही गाउँ सम्म बाटो स्तरोन्नती | ४ | 1,000,000 |
| ५ | ज्योतिष्मती विद्यापीठ देखि दक्षिण लमही गल्लीमा बाटो तथा नाली निर्माण | ५ | 1,000,000 |
| ६ | खैरी देखि उत्तर तर्फ देउपुर जोड्ने बाटो स्तरोन्नती | ६ | 1,000,000 |
| ७ | सन्तोष घर जाने बाटो स्तरोन्नती उचानिम्बु | ७ | 1,000,000 |
| ८ | भौका खोलामा तटबन्धन | ८ | 1,000,000 |
| ९ | गुसी ताल जाने बाटो स्तरोन्नती र नाली निर्माण | ९ | 1,000,000 |
| १० | उचानिम्बु घोराने घरदेखि खलियानसम्म नाली र बाटो स्तोन्नती | ७ | 1,000,000 |
| | जम्मा रु. | | 10 ,000,000 |

निर्णय नं. १९ : लमही नगरपालिकाको आम नागरिकहरुलाई शान्ति-सुरक्षा प्रदान गर्ने सुरक्षा निकायहरु नेपाल प्रहरी अन्तरगतका प्रहरी चौकी/अस्थायी प्रहरी चौकीमा सेवा लिन जाने सेवाग्राही नगरवासी नागरिकहरुले सेवा लिने क्रममा फोटोकपी गर्ने वा कुनै आवश्यक पत्र प्रिन्ट गर्ने लमही वजार सम्म आउनु पर्ने समस्यालाई मध्यनगर गर्दै नागरिकलाई सेवा सहज रुपले दिने उद्देश्यले तपशिल बमोजिमका प्रहरी चौकी/अस्थायी प्रहरी चौकीहरुलाई सम्बन्धित वडा कार्यालयको सिफारिस अनुसार १/१ सेट कम्प्युटर डेसटप र प्रिन्टर उपलब्ध गराउने।

तपशिल:

| क्र.स | सुरक्षा निकाय | ठेगाना |
|---|---|---|
| १ | अस्थाई प्रहरी पोष्ट नर्ति | लमही -१, नर्ति |
| २ | प्रहरी चौकी सतवरीया | लमही-८, सतवरीया |
| ३ | अस्थाई प्रहरी चौकी बन्गौं | लमही-७, बन्गौं |

CamScanner

निर्णय नं. २० : लमही नगरपालिका प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय निर्देशक समितिको मिति २०८०/०२/०४ गतेको बैठकको निर्णय अनुमोदन गर्ने।

०८०/२/४

CamScanner

## मिति २०८०।०२।१९ गतेको कार्यपालिकाको बैठकको निर्णयहरुः

निर्णय नं.१: यस लमही नगरपालिका अन्तरगतका नदी जदी तथा खोलाहरुबाट ठेक्का प्रक्रियाद्वारा नदिजन्य पदार्थको उत्खनन् तथा व्यवस्थापनको लागि यस कार्यालयबाट भएका बोलपत्र/दरभाउ पत्रका सुचना दोस्रो पटक गर्दा पनि कुनै फर्म/कम्पनीको प्रस्ताव नपरेकोले हालसम्म ठेक्का व्यवस्थापन हुन नसकेको र स्थानीय स्तरमा नदिजन्य पदार्थको अभाव भएको कारण विकास निर्माण लगायतका काममा गतिरोध उत्पन्न भएकोले तत्कालको आवश्यकता परिपूर्ति गर्न यस लमही नगरपालिकाबाट आई.ई.ई भएका देहायका घाटहरुबाट लुम्बिनी प्रदेश सरकारबाट स्वीकृत नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५को दफा ७ को उपदाफा ६ मा दोस्रो पटकको सुचनामा पनि दरभाउपत्र/बोलपत्र दाखिला नभएमा अघिल्लो वर्ष भएको ठेक्काको दररेटमा नघट्ने गरी कुनै व्यवसायीसँग सम्झौता गरी नदिजन्य पदार्थ संकलन घाटगद्दी र विक्रिको कार्य अमानतबाट गराउन सकिनेछ भन्ने व्यवस्था भएको हुदाँ देहायानुसारको परिमाणमा अमानत प्रक्रियाबाट तपशिल बमोजिमका निर्माण कम्पनी मार्फत नदिजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापन गर्ने। साथै अन्य वडा कार्यालयबाट विवादरहित अवस्थामा रहेको भनी सिफारिस आएमा प्रक्रिया पुरा गरी अमानतमा दिने र कुनै विवाद भई आएमा सम्बन्धित वडा अध्यक्षले विवाद समाधान गर्न पहल गर्ने।

तपशिलः

| क.स | स्थान/घाट | अमानत प्रक्रियाबाट नदिजन्य पदार्थ उत्खनन् को लागि अनुमति दिने जम्मा परिमाण(क्यु.फिट) | अमानत प्रक्रिया बाट नदिजन्य पदार्थ उत्खनन् संकलनको लागि तोकीएको निर्माण कम्पनी |
|---|---|---|---|
| १ | लमही न.पा-४, रासीनदी बुटकहवा घाट | १,३३,४७१ | श्री सोमाईथान निर्माण सेवा, राजपुर-२, दाङ |
| २ | लमही न.पा-५, रासीनदी कोलही बलरामपुर सिमानाघाट | १,०१,६९२ | श्री पूर्णगिरी बालुवा प्रशोधन उद्योग प्रा.लि, गढवा-५, दाङ |
| ३ | लमही न.पा-७, रासीनदी बनगैं घाट | ८५,८०३ | श्री न्यू एन.एन कन्स्ट्रक्सन लमही-७, दाङ |

निर्णय नं. २.१ : लमही नगरपालिका ३ नं. वडा कार्यालयको प.सं. ०७९/८०, च.नं. २०२३ मिति २०८०/०२/११ गतेको पत्रानुसार लमही नगरपालिका वडा नं. ३ स्थित पोखेली माछा फर्मको माछा मिति २०८०/०२/०८ गते गतेका दिन अक्सिजनको कमीले मरेकोले उक्त फर्मलाई राहत स्वरुप रु २०,०००/- अक्षरुपी बिस हजार मात्र उपलब्ध गराउने।

०८०।२।१९



CamScanner

निर्णय नं. २.२: लमही नगपालिका चालु आ.ब २०७९/८० मा स्वीकृत विपद् व्यवस्थापन कोषमा विनियोजन गरिएको बजेट रु १ करोड र लमही नगरपालिकाको प्रकोप कोषमा जम्मा भएको रकम रु ४२ लाख गरी जम्मा रु १ करोड ४२ लाख विपद व्यवस्थापन कोष खातामा रकमान्तर गर्ने।

निर्णय नं. २.३: लमही नगपालिकाको वातावरण तथा विपद् व्यवास्थापन समितिको मिति २०८०/०२/११ गते बसेको बैठकको राहत वितरण गर्ने भनी गरिएको निर्णय अनुमोदन गर्ने।

निर्णय नं. ३ : लुम्बिनी प्रदेश सरकारको चालु आ.ब २०७९/८० को शसर्त अनुदान तर्फ आलु प्रवर्द्धन कार्यक्रमको लमही नगरपालिकाको लागि बिनियोजित बजेट रु २०,००,०००/- बाट लुम्बिनी प्रदेश सरकारद्वारा स्वीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७९ को परिच्छेद २ को दफा ५ को ३.३ मा भएको व्यवस्था बमोजिम बाली बस्तु विशेष प्रवर्द्धन कार्यक्रम अन्तरगत आलु प्रवर्द्धन कार्यक्रम नीजि फर्म, समुह वा सहकारीले माग गरे बमोजिम आलु उत्पादन सामग्रीहरु, उपकरणहरु, सङ्कलन, प्राथमिक प्रशोधन समाग्रीहरु, पूर्वाधार सुधार वा निर्माण गर्ने क्रियाकलापहरु सञ्चालन गर्न सकिने भएकोले माग संकलन सम्बन्धी १५ दिने सुचना प्रकाशित गरी कार्यक्रम सञ्चालन कार्यविधीमा तोकीएको प्रक्रिया पुरा गरी कार्यक्रम सञ्चालन गर्ने।

निर्णय नं. ४ : लमही नगरपालिकाको स्थानीय पाठ्यक्रम २०७९ शैक्षिक शत्र २०८० देखि लागु हुने गरी स्वीकृत गर्ने।

निर्णय नं. ५ : लमही नगरपालिकाको नगंर शिक्षा समितिको मिति २०८०/०२/०८ गतेको बैठकको निर्णय अनुमोदन गर्ने।

निर्णय नं. ६ : यस लमही नगरपालिकाको स्थानिय बाल अधिकार समिति तथा वडा बाल अधिकार समिति संचालन कार्यविधि, २०७८ दफा १३ (ख) मा भएको व्यवस्था बमोजिम लमही नगरपालिकाको वालकल्याण अधिकारीको रुपमा लमही नगर कार्यपालिकाको कार्यालयमा कार्यरत जनंस्वास्थ्य अधिकृत सातौं श्री नारायण प्रसाद शर्मालाई तोक्ने।

निर्णय नं. ७ : लमही नगरपालिकाको विपद जोखिम न्यूनिकरण तथा जलवायु उत्थानलशील योजना तर्जुमा गोष्ठि सञ्चालनको क्रममा सरोकारवालाहरुको सहभागीतामा गरिएको वडास्तरीय गोष्ठी ९ वटा, नगरस्तरीय गोष्ठी १ वटा र विद्यालयस्तरीय १ गरी जम्मा ११ वटा गोष्ठीमा भए गरेको सहभागी, आयोजक र स्थानीय विकास प्रतिष्ठान जावलाखेलबाट खटि आएका विज्ञहरुले गोष्ठीको दिन खाएको खाना तथा खाजा खर्च भुक्तानी दिने।

८०।२।१९



CamScanner

निर्णय नं. ८ : लमही नगरपालिकाको तपशिल बमोजिमको आयोजनहरु शंसोधन गरी सञ्चालन गर्ने र अनुमोदनको लागि आगामी नगर सभामा अनुमोदनको लागि पेश गर्ने।

तपशिलः

<table>
<tr><th>क्र.स</th><th>साविकको आयोजना</th><th>संशोधित नयाँ आयोजना</th><th>बजेट रु</th></tr>
<tr><td>१</td><td>सुन्डवरी वनवाटीका पार्क निर्माण कार्यक्रम</td><td>सुन्डबरी हाईवे देखि पुनराम चौधरीको घरसम्म नाली तथा बाटव ग्रावेल</td><td>१०,००,०००/-</td></tr>
<tr><td>२</td><td>कौडियामा कल्भर्ट निर्माण</td><td>बनकट्टा उचोकुलोमा पक्कीकुलो निर्माण</td><td>८,००,०००/-</td></tr>
<tr><td>३</td><td>वि.वि स्मृति भवनमा आवश्यक सामाग्री खरिद</td><td rowspan="2">वि.पी स्मृति भवन (माटो फिलिङ्ग, च्यानलगेट र शौचालय) निर्माण</td><td rowspan="2">१०,००,०००/-</td></tr>
<tr><td>४</td><td>आवश्यकताका आधारमा वि.पी स्मृति भवनमा माटो फिलिङ र पर्खाल निर्माण</td></tr>
</table>

निर्णय नं. ९ : लमही नगरपालिका वडा नं. २ अन्तर्गतको योजना सञ्चालनको क्रममा सानो नदी व्यवस्थापन गर्दा निस्केको नदीजन्य पदार्थ (ढुङ्गा, माटो, वालुवा, मिस्कट आदि) नदिबाट बाहेक स्टक गरी नापजाँच गर्दा ५८५.३३ घन मिटर आएकोले IEE नभएको भएतापनि सो पदार्थबाट नगरपालिकामा राजस्व संकलन हुने भएको हुदाँ उक्त नदीजन्य पदार्थ विकास आयोजनामा प्रयोग हुने गरी लमही नगरपालिकाबाट राजस्व रसिद काटी नदीजन्य पदार्थ व्यवस्थापन गर्ने।

निर्णय नं. १० : लमही नगरपालिकामा भएको राष्ट्रिय परिचयपत्र शिविरमा भए गरेको खर्च रकम वडा कार्यालयको सिफारिस अनुसार भुक्तानी दिने।

निर्णय नं. ११ (क) : लमही नगरपालिका ७ नं. वडा कार्यालयको प.सं. ०७९/८० चलानी नं. ११४४, मिति २०७९/१२/०८ गते को पत्रानुसार अर्जुन मा.वि हस्नापुरमा रहेको पानी तान्ने मोटर विग्रिएर खानेपानीको समस्या भई मोटर खरिद गरीकोले उक्त बिल अनुसार रु १८०००/- भुक्तानी दिने।

निर्णय नं. ११ (ख) : लमही नगरपालिका १ नं. वडा कार्यालयको प.सं. ०७९/८० चलानी नं. २०५८, मिति २०८०/०२/१८ गते को पत्रानुसार सुनडबरी बृद्धाश्रम टोलको पानी तान्ने मोटर विग्रिएर सिंचाईको समस्या भएकोले २ हर्ष पावरको २ ईन्च पानी तान्ने मोटर खरिद खरिद गरी दिने।

निर्णय नं. १२ : चालु आर्थिक बर्ष २०७९/८० को असोज महिना १८ गते देखि आएको अविरल बर्षा कारण लमही नगरपालिकाको विभिन्न टोलबस्तीहरुमा बाटो तथा कल्भर्टहरु क्षति ग्रस्त भई आवगमनमा समस्या भएको तपशिल बमोजिमको वडा कार्यालयहरुको सिफारिस अनुसार उक्त बाटो तथा कल्भर्टहरुको मर्मत सम्भार गर्दा भए गरेको खर्च आवश्यक प्रक्रिया पुरा गरी रकम भुक्तानी दिने।

तपशिलः

| क्र.स | कामको विवरण | सिफारिस गर्ने वडा कार्यालय | भुक्तानी लिने व्यक्ति वा संस्था | खर्च रकम रु |
|---|---|---|---|---|
| १ | जोराईल डुर निर बाटो र कल्भर्टमा परेको खाल्डो पुर्ने काम | लमही न.पा २ नं वडा कार्यालय | रनियापुर टोल विकास संस्था जगत राम चौधरी | १,१२,०००/- |
| २ | स्याउले हात्तीखाल सडक, च्याउखेला तरुलिया सडक, रिहार हुँदै तेलिया कोल्तारा तरुलिया सडक र रिहारडेरा पैते सडक मर्मत | लमही न.पा ९ नं. वडा कार्यालय | चित्रकोटी निर्माण सेवा रा १ क ६५९ | १,२१,०००/- |
| ३ | डोरही रिङ्ग रोड बाटो मर्मत | लमही न.पा २ नं वडा कार्यालय | डोरही टोल विकास संस्था | ५९,७००/- |
| ४ | गोरक्ष टोल(सुकुम्बासी बस्ती) मा डुबान भई पानी निकासका लागि डोजर प्रयोग | लमहि न.पा ५ नं वडा कार्यालय | सिताराम चौधरी | १२,०००/- |
| | | | | ३,०४,७००/- |

निर्णय नं. १३ : यस लमही वडा नं. ५ स्थित सार्वजनिक बगैचाको उचित स्याहार संम्भार गर्न तथा व्यवस्थापन गर्न लमही बजार टोल विकास संस्था लमही-०५ संग शर्त सहितको सम्झौता गरी व्यवस्थापन जिम्मेवारी दिने।

०८०/२/१९



CamScanner

मिति २०८०/०३/०५ गतेको कार्यपालिकाको बैठकको निर्णयहरु:

निर्णय नं.१ : यस लमही नगरपालिका नगर कार्यपालिको कार्यालयले तपसिल बमोजिमको राप्ती नदी तथा अन्य बगर क्षेत्रहरुबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् तथा संकलन कार्यको लागि परामर्शदाता श्री चाणक्य कन्सल्टेन्ट एण्ड कन्स्ट्रक्शन प्रा.लिले तयार पारिएको प्रारम्भीक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गरी उक्त प्रा.लि संग गरेको सम्झौता रकम रु १३,०४,२४७.७९ भ्याट बाहेक भुक्तानी दिने । साथै उक्त घाटहरुबाट नदीजन्य पदार्थको उत्खनन् तथा संकलन कार्यको लागि राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति बाट सहमति लिनुपर्ने भएकोले जिल्ला समन्वय समितिको कार्यालयबाट संकलन तथा उत्खनन्को लागि राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति लाई सहमतिको लागि सिफारिस प्रदान गरि दिनुहुन भनी अनुरोध गरी लेखी पठाउने।

तपसिल:

१) केरुनियाघाट, छिगंटपुरघाट, रनियापुरघाट र राजपुर बठनियाघाट - वडा नं. २
२) बुटकहवाघाट, बड्काघुम्नाघाट र सेमरहवाघाट - वडा नं. ४
३) कोलही ढिकपुर सिमानाघाट - वडा नं. ५
४) बलरामपुरघाट र ढिकपुरघाट - वडा नं. ६
५) हस्नापुरघाट, बनघुस्रीघाट, बनगैंघाट र कस्यापुरघाट - वडा नं. ७
५) गिधिनियाघाट, धनपुरुवाघाट, माथिल्लो असानीघाट र खोलीगाउँ बाघखोलीघाट - वडा नं. ८
६) तरुलिया सिलसिलेघाट, सिरिङ्गे फिरिङ्गेघाट रिहार डेराघाट, रिहार पैतेघाट, डुम्रेघाट, गौतालघाट र खयरभट्टीघाट - वडा नं. ९

निर्णय नं. २ : उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयको सशर्त अनुदान आन्तर्गत आ.ब २०७९/८० को लागि यस लमही नगरपालिकामा प्राप्त नविकरणीय उर्जा प्रविधी जडान(वायो ग्याँस/विधुतीय चुलो/ सुधारिएको चुलो/ सौर्य उर्जा) शिर्षकको वजेट रु ८,००,०००/- कार्यक्रम कार्यान्वयनको लागि मार्गदर्शनको अधिनमा रही लमही अस्पतालमा सोलर बत्ति जडान गर्ने।

निर्णय नं. ३: लमही नगरपालिका कार्यपालिकाको कार्यालयमा कार्यरत कार्यालय सहयोगी श्री हुमा के.सीको ढाड तथा नशा सम्बन्धी समस्या साथै दुबै मृगौलामा समस्या भई भै विर अस्पतालमा उपचार भई रहेको र निजको घरको आर्थिक अवस्था निकै कमजोर रहेकोले निजलाई आर्थिक सहायता स्वरुप रु १,००,०००/- अक्षरुपी एक लाख रुपैया उपलब्ध गराउने ।

निर्णय नं. ४ : लमही नगरपालिकाको 'घ' वर्ग निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधि, २०७५ बमोजिम 'घ' वर्गको ईजाजतको लागि देहायका निर्माण व्यवसायीहरुले पेश गरेको निवेदन तथा कागजात अनुसार ईजाजत प्रदान गर्नको लागि मापदण्ड पुरा गरेको देखिएकाले 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत उपलब्ध गराउन स्विकृति दिने ।

०८०।३।५

मिति २०८०।०३।०५ गतेको कार्यपालिकाको बैठक

CS CamScanner

तपसिलः

| क्र.स | फर्मको नाम | ठेगना | प्रोपाइटरको नाम |
|---|---|---|---|
| १ | श्री तुल्सी निर्माण सेवा | लमही-३, दाङ | श्री चन्द्र बहादुर चौधरी |
| २ | श्री मार्जर निर्माण सेवा प्रा लि | लमही ५, दाङ | श्री श्याम प्रसाद थापा |
| ३ | श्री लोकेश तिर्सना बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि | लमही-३, दाङ | श्री भेग बहादुर सुनार |

निर्णय नं. ५ : लमही नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८०/०३/०४ गतेको बैठकको निर्णय अनुमोदन गर्ने।

निर्णय नं. ६ : लमही नगरपालिकाको आर्थिक बर्ष २०७९/८० मा सबै भन्दा बढी कर तिर्ने करदाता र उक्त आर्थिक बर्षमा सबै भन्दा पहिले कर तिर्ने करदातालाई सम्मान गर्ने।

मिति २०८०।०३।०५ गतेको कार्यपालिकाको बैठक

## मिति २०८०/०३/०६ गतेको कार्यपालिकाको बैठकको निर्णयहरु:

निर्णय नं. १ : यस लमही नगरपालिकाको आर्थिक विधेयक २०८० स्वीकृत गरी नगर सभामा पेश गर्ने।

निर्णय नं. २ : यस लमही नगरपालिकाको आ.ब २०८०/८१ को बार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी नगर सभामा पेश गर्ने।

निर्णय नं. ३ : लमही नगरपालिकाको आम नागरिकहरुलाई शान्ति-सुरक्षा प्रदान गर्ने सुरक्षा निकाय नेपाल प्रहरी अन्तरगतका अस्थायी प्रहरी चौकीमा सेवा लिन जाने सेवाग्राही नगरवासी नागरिकहरुले सेवा लिने क्रममा फोटोकपी गर्ने वा कुनै आवश्यक पत्र प्रिन्ट गर्ने लमही बजार सम्म आउनु पर्ने समस्यालाई मध्यनगर गर्दै नागरिकलाई सेवा सहज रुपले दिने उद्देश्यले तपशिल बमोजिमका अस्थायी प्रहरी चौकीहरुलाई सम्बन्धित वडा कार्यालयको सिफारिस अनुसार १/१ सेट कम्प्युटर डेसटप र प्रिन्टर उपलब्ध गराउने।

तपशिल:

| क्र.स | सुरक्षा निकाय | ठेगाना |
|---|---|---|
| १ | अस्थाई प्रहरी चौकी, रिहार | लमही -९, रिहार |

मिति २०८०/०३/०६ गतेको कार्यपालिकाको बैठकको निर्णयहरु:

CamScanner

मिति २०८०/०३/०६ गतेको कार्यपालिकाको बैठकको निर्णयहरु:

निर्णय नं.१ : यस लमही नगरपालिकाको आर्थिक विधेयक २०८० स्वीकृत गरी नगर सभामा पेश गर्ने।

निर्णय नं. २ : यस लमही नगरपालिकाको आ.व २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी नगर सभामा पेश गर्ने।

८०।३।६

मिति २०८०/०३/०६ गतेको कार्यपालिकाको बैठकको निर्णयहरु:

CamScanner

**मिति २०८०/०३/०८ गतेको कार्यपालिकाको बैठकको निर्णयहरु:**

निर्णय नं.१ : यस लमही नगरपालिकाको १३ औं नगरसभा संसदीय अभ्यास अवलम्बन गरी सञ्चालन गर्ने र नीति तथा कार्यक्रम गर्दा स्थानीयस्तरको पत्राकारहरुलाई समेत उपस्थितको लागि निमन्त्रणा गर्ने।

निर्णय नं. २ : लमही नगरपालिकाको आगामी आ.ब २०८०/८१को बार्षिक बजेट तथा कार्यक्रम (विनियोजन विधेयक २०८०) स्वीकृत गरी नगर सभा समक्ष पेश गर्ने।

निर्णय नं. ३: लमही नगरपालिका १३ औं नगरसभामा तपशिल बमोजिमका प्रस्तावहरु पेश गर्ने।

तपशिल:

१. न्यायिक समितिको बार्षिक प्रतिवेदन पारित गर्ने।
२. लमही नगर कार्यलपालिकाको मिति २०७९ असार ३० देखि २०८० असार ०८ गते सम्मका बैठकका निर्णयहरु अनुमोदन गर्ने।
३. सुचिकृत मिलमिलाप कर्ताहरुको सुचि अध्यावधिक गर्ने ।
४. कानुनी सल्लाहकार बरिष्ठ अधिवक्ता श्री दिपक कुमार रेग्मीको परिश्रमिक रु १५ हजार बाट बृद्धि गरी रु २५ हजार बनाउने।

निर्णय नं. ४ : लमही नगरपालिका पुराना भवनहरुको अभिलेख व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७५ को तेस्रो पटक संशोधन स्वीकृत गरी पारितको लागि नगर सभा समक्ष पेश गर्ने।

०८/०३/८

**मिति २०८०/०३/०८ गतेको कार्यपालिकाको बैठकको निर्णयहरु:**

CamScanner